<u>आकाशवाणी</u>

प्रमुख समाचार

- प्रधानमन्त्रीले भन्नुभयो, भारतको अर्थव्यवस्था बलियो रहेको छ
- FCRA संशोधन विधेयकमाथि छलफल
- अमित शाहको आतङ्कवाद र साइबर अपराधविरुद्ध सामूहिक सहयोगमा जोड
- दुई हजार रुपियाँभन्दा अधिकका केही UPI कारोबारमा दीपावलीपछि MDR शुल्क लाग्ने अनि
- भारतले भनेको छ, लद्दाख हाम्रो अभिन्न अङ्ग

PM's Chennai trip

प्रधानमन्त्री नरेन्द्र मोदीले सरकारले शासन प्रणालीमा ‘सशक्त बनाउने शक्ति’ को सिद्धान्त अपनाएको बताउनुभएको छ। नयाँ दिल्लीमा आयोजित ब्लुम बर्ग न्यू इकोनोमी फोरमलाई सम्बोधन गर्दै उहाँले भारतको प्रगति सामूहिक विकास र साझा अवसरमा आधारित रहेको बताउनुभयो। उहाँले डिजिटल प्रविधिले देशमा नयाँ अवसर सिर्जना गरेको र भारत लोकतन्त्रको जननी रहेको उल्लेख बताउँदै भन्नुभयो...........

प्रधानमन्त्रीले विश्वव्यापी अनिश्चितताबीच भारतको आर्थिक विकास बलियो आधारमा अघि बढिरहेको बताउँदै चालु आर्थिक वर्षको पहिलो त्रैमासिकमा भारतको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर सात दशमलौ आठ प्रतिशत रहेको र विदेशी मुद्रा सञ्चिति सात सय अर्ब डलरभन्दा अधिक पुगेको जानकारी दिनुभयो।

श्री मोदीले पछिल्लो एक दशकमा सरकारले पच्चीस करोड मानिसलाई गरिबीबाट मुक्त गर्न सफल भएको र २०१४ पछि देशमा स्टार्टअपको सङ्ख्या बढेर दुई लाख पचास हजारभन्दा अधिक पुगेको बताउनुभयो।

--------------------------------------X--------------------------------------

FCRA-JPC

विदेशी अंशदान नियमन संशोधन विधेयक २०२६ को जाँच गरिरहेको संयुक्त संसदीय समितिका अध्यक्ष सञ्जय जायसवालले प्रस्तावित कानुनका मुख्य प्रावधान २०१० को FCRA कानुनसँग मिल्दोजुल्दो रहेको बताउनुभएको छ। विभिन्न धार्मिक तथा सामाजिक संस्थाका प्रतिनिधिहरूसँगको छलफलपछि उहाँले यस्तो बताउनुभएको हो।

उहाँकाअनुसार प्रस्तावित विधेयकमा अनियमितता भएको अवस्थामा गैरसरकारी संस्थाको सम्पत्ति नियन्त्रणमा लिन अधिकारप्राप्त अधिकारीको व्यवस्था गरिएको छ। विधेयक २५ मार्चमा लोकसभामा प्रस्तुत गरिएको थियो र १२ अगस्तमा संयुक्त संसदीय समितिमा पठाइएको थियो।

विपक्षी दलहरूले यसले अल्पसङ्ख्यक समुदायका सामाजिक तथा शैक्षिक संस्थामा विदेशी आर्थिक सहयोग सीमित गर्न सक्ने आशङ्का व्यक्त गरेका छन्। तर, सरकारले विधेयक धर्मनिरपेक्ष रहेको र विदेशी योगदानमा पारदर्शिता तथा उचित उपयोग सुनिश्चित गर्नु यसको उद्देश्य रहेको जनाएको छ।

--------------------------------------X--------------------------------------

BIMSTEC Home Ministers

भारतले नयाँ दिल्लीमा बिम्स्टेक देशका गृहमन्त्रीहरूको पहिलो बैठक आयोजना गरिरहेको छ। बैठकमा गृहमन्त्री अमित शाहले आतङ्कवाद, सङ्गठित अपराध, नसालु पदार्थको तस्करी, अवैध वित्तीय कारोबार र साइबर खतराविरुद्ध सामूहिक सहयोग बढाउनुपर्नेमा जोड दिनुभयो। यसबारेमा बोल्दै उहाँले भन्नुभयो.......................................

गृह मन्त्रीले कुनै पनि आतङ्कवादी वा अपराधीलाई कानुनबाट उम्कन नदिन सबै सदस्य राष्ट्रले समन्वय गर्नुपर्ने बताउनुभयो।

--------------------------------------X--------------------------------------

UPI - MDR

UPI-मार्फत ग्राहक र व्यापारीबीच दुई हजार रूपियाँभन्दा अधिकको कारोबारमा मर्चेन्ट डिस्काउन्ट रेट (MDR) शुल्क दीपावलीपछि लागू गरिनेछ। नेशनल पेमेन्ट्स कर्पोरेसन अफ इन्डिया (NPCI)-ले यससम्बन्धमा निर्णय गरेको जनाएको छ। शुल्क लागू हुने मिति भने पछि घोषणा गरिनेछ।

व्यक्ति-व्यक्तिबीच हुने UPI कारोबार निःशुल्क रहनेछ। लगभग सोल्ह प्रतिशत ग्राहक र व्यापारीबीचका UPI कारोबारमा पनि यसको प्रभाव पर्नेछैन। यसका साथै UPI QR कोडमार्फत प्रतिमहिना एक लाख रूपियाँसम्म प्राप्त गर्ने साना व्यापारी तथा सडक विक्रेताहरूले पनि कुनै MDR शुल्क तिर्नुपर्ने छैन।

---------------------------------------X---------------------------------------

India-China

भारतले लद्दाख आफ्नो अभिन्न र अविभाज्य अङ्ग रहेको कुरा दोहोऱ्याउँदै चीनको अस्वीकारले यस तथ्यलाई परिवर्तन गर्न नसक्ने जनाएको छ। विदेश मन्त्रालयका प्रवक्ता रणधीर जायसवालले लद्दाखका अट्ठाइस स्थानको नाम र भौगोलिक विशेषता भारतीय सर्वेक्षण विभागको आधिकारिक नक्सामा समावेश गरिएको बताउनुभयो। लद्दाख प्रशासन र स्थानीय पक्षहरूसँगको परामर्शमा गरिएको यस कार्यको उद्देश्य स्थानहरूको सही पहिचान सुनिश्चित गर्नु र जनचेतना बढाउनु रहेको उहाँले स्पष्ट पार्नुभयो।

---------------------------------------X---------------------------------------

पल-पलको रेडियो समाचारमा अपडेट रहन कृपया हाम्रो आधिकारिक X ह्यान्डल ‘airnews_gangtok’ र फेसबुक ह्यान्डल ‘AkashvaniNewsGangtok’ फलो गर्नुहोस्।

Rajnath Singh - Czech Republic

रक्षा मन्त्री राजनाथ सिंहले आज नयाँ दिल्लीमा चेक गणराज्यका उपप्रधानमन्त्री तथा उद्योग एवं व्यापार मन्त्री कारेल हाव्लि चेकसँग भेटवार्ता गर्नुभयो। भेटका क्रममा दुवै देशले आत्मनिर्भर भारतलाई प्रोत्साहन गर्न संयुक्त रक्षा समितिमार्फत रक्षा औद्योगिक सहयोग बढाउने सहमति जनाए। दुवै नेताले शान्ति, सुरक्षा र क्षेत्रीय स्थिरताका विषयमा पनि छलफल गर्नुभयो। चारदिने भारत भ्रमणमा रहनुभएका श्री हाव्लि चेकले बेंगलुरु र मुम्बईका औद्योगिक क्षेत्रको समेत भ्रमण गर्नुहुनेछ।

---------------------------------------X---------------------------------------

President-Defence Member

राष्ट्रपति द्रौपदी मुर्मुले आज राष्ट्रपति भवनमा छयासटौं राष्ट्रिय रक्षा महाविद्यालयका प्रशिक्षार्थीहरूसँग भेट गर्दै तीव्र गतिमा बदलिँदो सुरक्षा र प्राविधिक परिवेशले नयाँ चुनौतीहरू सिर्जना गरिरहेको बताउनुभयो। उहाँले राम्रो तयारी, रणनीतिक दूरदृष्टि र परिस्थितिअनुसार अनुकूल हुनुपर्नेमा जोड दिनुभयो।

राष्ट्रपतिले आधुनिक युद्ध साइबर सुरक्षा, अन्तरिक्ष र जैव प्रविधिसम्म विस्तार भएको उल्लेख गर्दै राष्ट्रिय सुरक्षाका लागि वैज्ञानिक संस्था र सशस्त्र बलबीच सहकार्य आवश्यक रहेको बताउनुभयो। उहाँले कृत्रिम बुद्धिमत्ता (AI) को प्रयोग बढ्दै गएको अवस्थामा निर्णय प्रक्रियालाई पूर्ण रूपमा प्रविधिमा निर्भर बनाउन नहुने र आर्थिक उत्थानशीलता पनि राष्ट्रिय सुरक्षाको महत्त्वपूर्ण अङ्ग रहेको बताउनुभयो।

---------------------------------------X---------------------------------------

AYUSH Ministry Treatment Guidelines

आयुष मन्त्रालयले छालासम्बन्धी रोगहरूको उपचार र व्यवस्थापनका लागि आयुर्वेद, सिद्ध, युनानी, होमियोप्याथी र योग समेटिएका मानक दिशानिर्देश जारी गरेको छ। स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयसँगको सहकार्यमा तयार गरिएका यी दिशानिर्देशको उद्देश्य उपचार प्रक्रियामा समानता ल्याउनु, गुणस्तर सुनिश्चित गर्नु र वैज्ञानिक प्रमाणमा आधारित उपचारलाई प्रोत्साहन गर्नु रहेको छ।

आयुषमन्त्री प्रतापराव जाधवले यसबाट आयुष चिकित्सा पद्धतिलाई राष्ट्रिय स्वास्थ्य सेवा प्रणालीसँग अझ प्रभावकारी रूपमा जोड्न र बिरामीको उपचार सेवामा सुधार ल्याउन मद्दत पुग्ने बताउनुभयो।

--------------------------------------X--------------------------------------

PM Public Service 25 years

प्रधानमन्त्री नरेन्द्र मोदीले जनसेवाम◌ा पच्चीस वर्ष पूरा गर्नुभएको छ। जनसेवाबाट देश सेवा उहाँक◌ो यस यात्राक◌ो मूल मन्त्र रह◌ेको छ। सेवा र सुशासनक◌ो यसै दृष्टिकोणका साथ सरकार भारतलाई 2047 सम्ममा विकसित राष्ट्र बनाउने लक्ष्य हासिल गर्न लगातार काम गरिरहेछ। समावेशी विकास र सामाजिक सशक्तीकरणको माध्यमबाट मानिसहरूको जीवनम◌ा परिवर्तन ल्याउने प्रयास गरिँदैछ।

आज यस विशेष श्रृंखलाम◌ा सकल घरेलू उत्पाद (GST) परिषद जस्तो पहलको माध्यमबाट यस दृष्टिकोणलाई कसरी अमलम◌ा ल्याइँदैछ भन्ने विषयमा जानकारी द◌ि◌ँदैछ। सुन्नुहोस् प्रधानमन्त्रीको यो भनाइ..........

--------------------------------------X--------------------------------------

Education Ministry Committee

शिक्षा मन्त्रालयले भारतीय सूचना प्र◌ौद्योगिकी संस्थान (IIIT), राँचीमा एकजना विद्यार्थीको दुर्भाग्यपूर्ण मृत्युको जाँच गर्न तीन सदस्यीय समिति गठन गरेको छ। दिल्ली विश्वविद्यालयकी निदेशक प्राध्यापक रजनी अब्बीको अध्यक्षतामा गठित समितिले घटनासँग सम्बन्धित परिस्थितिको जाँच गर्नुका साथै संस्थानमा निर्धारित दिशानिर्देशको पालनाको आकलन गर्नेछ।

समितिले आधारभूत सुविधाहरू, संस्थागत सहयोग, परामर्श तथा मार्गदर्शन व्यवस्था र विद्यार्थीका गुनासो समाधान गर्ने प्रणालीको समीक्षा गर्नेछ। समितिले व्यवस्थामा रहेका कमीकमजोरी पहिचान गरी यस्ता घटना दोहोरिन नदिन आवश्यक उपायहरू पनि सुझाउनेछ।

--------------------------------------X--------------------------------------

BJP-Congress

भारतीय जनता पार्टीले विशेष गहन संसोधन (SIR)-को मुद्दामा जनतालाई भ्रमित गरेको आरोप क◌ंग्रेस नेता राहुल गान्धीमाथि लगाएको छ। नयाँ दिल्लीमा पत्रकारहरूसँग कुरा गर्दै केन्द्रीय मन्त्री पीयूष गोयलले क◌ंग्रेसले निर्वाचन आयोगको कार्यप्रणालीमाथि प्रश्न उठाए पनि आफ्नै कार्यकालमा आयोगको कामकाजलाई बेवास्ता गरेको आरोप लगाउनुभयो। उहाँले NDA सरकारले संवैधानिक संस्थाहरू र निर्वाचन आयोगको स्वायत्तता सुदृढ बनाएको बताउनुभयो। यसैबीच, केन्द्रीय मन्त्री तथा JDU नेता राजीव रञ्जन सिंहले पनि क◌ंग्रेसमाथि देशमा अराजकता फैलाएको आरोप लगाउनुभयो।

--------------------------------------X--------------------------------------

Kiren Drug-free

संसदीय कार्य मन्त्री किरेन रिजिजूले विकसित भारत निर्माणका लागि स्वस्थ, सशक्त र नशालु पदार्थमुक्त युवा आवश्यक रहेको बताउनुभयो। नयाँ दिल्लीमा आयोजित 'विकसित भारतका लागि नशालु पदार्थमुक्त युवा' विषयक युवा संवादलाई सम्बोधन गर्दै उहाँले नशालु पदार्थको लतले युवाको क्षमता र समग्र पुस्तालाई प्रभावित पार्ने बताउनुभयो।

श्री रिजिजुले नशालु पदार्थमुक्त भारत अभियान र फिट इन्डिया अभियानमार्फत युवालाई स्वस्थ जीवनशैली अपनाउन, सही निर्णय लिन र राष्ट्र निर्माणमा योगदान दिन प्रोत्साहित गरिरहेको उल्लेख गर्नुभयो।

--------------------------------------X--------------------------------------

समाचार पुनः एकपल्ट

- प्रधानमन्त्रीले भन्नुभयो, भारतको अर्थव्यवस्था बलियो रहेको छ
- FCRA संशोधन विधेयकमाथि छलफल
- अमित शाहको आतङ्कवाद र साइबर अपराधविरुद्ध सामूहिक सहयोगमा जोड
- दुई हजार रुपियाँभन्दा अधिकका केही UPI कारोबारमा दीपावलीपछि MDR शुल्क लाग्ने अनि
- भारतले भनेको छ, लद्दाख हाम्रो अभिन्न अङ्ग